फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम, कोशी प्रदेश, नेपाल

प.सं. २०८०/०८१ मितिः- २०८०/०५/२७

च.नं. ४६८

विषयः- **उपभोक्ता समिति गठन गर्ने सम्वन्धमा ।**

श्री सबै वडा कार्यालयहरु,

फेदाप गाउँपालिका, तेह्रथुम ।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट आ.व. २०८०/०८१ मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको उपभोक्ता समिति गठन गरी देहायको ढाँचामा उल्लिखित विवरण भरी यही असोज मसान्त भित्र यस कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु हुन अनुरोध छ ।

.....................

विष्णुप्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत

**नोटः-**

**उपभोक्ता समिति गठन गर्दा फेदाप गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७५ बमोजिम गर्नुपर्नेछ ।साथै उपभोक्ता समिति गठन गर्दा देहाय बमोजिमको निर्देशन पालना गर्नुपर्नेछः-**

१. आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको अधिकतम सहभागितामा आमभेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

२. गाउँपालिकास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा गाउँपालिकाको रोहवरमा गर्नुपर्नेछ ।

३. उपभोक्ता समिति गठन गर्दा अनिवार्य रुपमा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ ।**कम्तीमा तेत्तीस (३३%) महिला** सदस्य अनिवार्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तिमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ ।

४. एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै एकाघरका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

५. उपभोक्ता समिति गठन गर्दा सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समिति गठन गर्नुपर्नेछ । साथै एउटा समितिमा भएको पदाधिकारी उक्त कार्यसम्पन्न नहुन्जेलसम्म अर्को समितिमा रहन पाइने छैन ।

६. उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति संस्थालाई ठेक्कामा दिई गराउन पाइने छैन।

७. आम भेला र सामाजिक परीक्षणको उपस्थिति निर्णयको प्रतिलपि र भेलाको फोटो अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्नुपर्नेछ । **(आम भेलाको निर्णय र भेलाको फोटो सम्झौता गर्न आउदा पेश गर्नुपर्ने )**

८. सरोकारवाला उपभोक्ताहरुको आमभेलाबाट आयोजना अनुगमन तथा सहजीकरणबाट समिति गठन गर्नुपर्नेछ । उक्त समिति ३ देखि ५ सदस्यीय हुनुपर्ने, १ जना संयोजक र अन्य सदस्य रहने तथा कम्तीमा एक तिहाइ महिला सदस्य हुनुपर्नेछ । उपभोक्ता समितिमा रहेको पदाधिकारी वा निजको एकाघरको सदस्य अनुगमन समितिमा रहन पाउने छैन । यस्ता अनुगमन समितिमा गाउँपालिकाका पदाधिकारीहरु, वडा अध्यक्ष, सदस्य वा गाउँपालिका अन्तर्गतका कर्मचारीहरु नराखी उपभोक्ताहरुवाट राख्नुपर्नेछ ।

९. प्रत्येक वडामा एउटा विकास आयोजनामा महिलाहरु मात्र रहेको उपभोक्ता समिति मार्फत कार्यन्वयन गरिने भनि आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम बमोजिम वडाको कम्तीमा एउटा योजना तथा कार्यक्रमको उपभोक्ता समिति महिलाहरु मात्र पदाधिकारी र सदस्य रहने गरी गठन गर्ने व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ ।

***तर जनप्रतिनिधिहरु, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी, शिक्षक र सरकारी कोषबाट तलब सुविधा लिइरहेका जुनसुकै व्यक्ति उपभोक्ता समितिको सदस्यमा रहन पाइने छैन । यदि कोही त्यस्तो व्यक्ति उभोक्ता समितिमा रहेको पाइएमा कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।***